**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १५ गते शुक्रबार ❑ 27 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## फागुन २० गतेदेखि मतदान सम्पन्न नहुँदासम्म सवारीसाधन चलाउन नपाइने

**रासस**
काठमाडौं, १४ फागुन

निर्वाचन आयोगले फागुन २० गते राति १२:०० बजेदेखि मतदान सम्पन्न नहुँदासम्म सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालनमा रोक लगाइने जनाएको छ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने सम्बन्धमा निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन(एम्बुलेन्स, दमकल, शवबाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने), कूटनीतिक नियोगका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवार ीसाधन फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय गरेको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । मतदानको मितिभन्दा सातदिन अघिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ बिक्रीवितरण तथा सेवन गर्न मुलुकभर प्रतिबन्ध लगाउन गृहमन्त्रालयलाई पत्र पठाउने निर्णय गरेको छ । बैठकबाट निर्वाचन सुरक्षाका लागि ७७ वटै जिल्लामा मादकपदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबद्ध लगाउने निर्णय गरिएको हो । जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्यहरू हुन नदिने र कहीँकतै भए/गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन पनि गृहमन्त्रालयमार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकमा योजनाको समीक्षा, सुरक्षा वस्तुस्थितिको आकलन तथा सुरक्षा व्यवस्थासम्बन्धी मार्गदर्शन तथा सिफारिसका आधारमा निर्वाचनलाई स्वच्छ, विश्वसनीय तथा भयरहित वातावरणमा सम्पन्न गर्न मन्त्रालयलाई लेखी पठाउने निर्णय भएको हो । यसका लागि फागुन १८ गते राति १२:०० बजेदेखि लागू हुने निर्वाचन प्रचारप्रसार निषेध अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृहमन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिइएको छ। उहाँका अनुसार मतदानको दिनमा अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडानहरू यथावत् सञ्चालनको व्यवस्था मिलाइएको छ। अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलबाट घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलबाट विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था मिलाइएको छ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ६ मा उल्लेख भएबमोजिम निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा तोकिएका सबै कार्यहरूसहित सोही दफाको खण्ड (झ) मा उल्लेख भएको निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तरराष्ट्रिय सीमानाका बन्द गर्ने व्यवस्था मिलाउन पनि आयोगले गृहमार्फत ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पत्र लेखी पठाएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ को दफा ४३ तथा दफा ८४ मा मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारीचालक अनुमति पत्र लिएर मतदान केन्द्रमा जानुपर्ने गरी व्यवस्था गरिएकाले सोबमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जाने मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउनेबारे मतदानमा खटिने सुरक्षाकर्मी, कर्मचारी र सरोकार भएका सबैलाई सूचना सम्प्रेषण गर्न पनि निर्देशन दिइएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

आयोगले जारी गरेको सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२ बमोजिम मतदानको दिनमा आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी हुने सवारी पास उपलब्ध गराउन आयोगको सचिवालय परिसरमा पास वितरण इकाई खडा गरिने छ। सो इकाईमा आयोगको तर्फबाट दुई जना र जिल्ला प्रशासन कार्यालय, काठमाडौंको तर्फबाट दुई जना कर्मचारी तोकिएको छ । निर्णयअनुसार आवश्यक सहजीकरण र समन्वयका लागि सम्पूर्ण सरोकार भएकाहरूमा आयोगले आग्रहसमेत गरेको छ।

## देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुग्यो निर्वाचन सामग्री

**रासस**
काठमाडौं, १४ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ वटै क्षेत्रमा निर्वाचन सामग्री पुगेको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको गरी चार करोड ११ लाख ५३ हजार मतपत्र ७७ वटै जिल्लाका १६५ वटै निर्वाचन क्षेत्रमा पुगेको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी अन्तिम चरणमा छ । आयोगबाट स्वीकृत कार्य तालिकाअनुसार व्यवस्थापकीय कार्य तालिकाबद्ध र तोकिएको समयमा सञ्चालित छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भई ७७ वटै जिल्लामा पुगेको छ । केही सामग्री भने जिल्लामै व्यवस्थापन हुनेछ । निर्वाचन अधिकृतको कार्यालयबाट भने मतदान अधिकृतको जिम्मामा सबै सामग्री पठाइने आयोगले जनाएको छ । स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम यही फागुन ३ गतेदेखि जारी छ । मतदाता शिक्षा फागुन १७ गतेसम्म ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा निरन्तर सञ्चालन हुने जनाइएको छ । निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरुले सक्रिय रुपमा कार्यसम्पादन गर्दै आएका छन् । यही फागुन ४ गतेदेखि राजनीतिक दलहरुले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुवात गरेका छन् । प्रचारप्रसारलाई प्रचलित कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट र मर्यादित बनाउन आयोगबाट राजनीतिक दल र उम्मेदवारहरुलाई निर्देशन भइसकेको छ।

## माइनस डिग्री मुस्ताङको चिसोमा निर्वाचन सरगर्मी

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १४ फागुन

माइनस डिग्री तापक्रमका बाबजुद मुस्ताङमा निर्वाचन सरगर्मी बढिरहेको छ। यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै यहाँ राजनीतिक दल र तिनका उम्मेदवारको प्रचार-प्रसार अभियान पनि उत्कर्षमा छ।

जतिबेला निर्वाचनको माहोल बन्न सुरु भएकामे थियो, त्यसबेला अर्थात् अघिल्लो महिना माथिल्लो मुस्ताङको तापक्रम माइनस २० डिग्री पुगेको थियो। हाल चुनावी माहोल उत्कर्षमा छ र फागुनदेखि भने यहाँको मौसमी तापक्रम घट्दैछ। हाल माथिल्लो मुस्ताङको तापक्रम माइनस १० डिग्रीमा झरेको छ । तल्लो मुस्ताङको तापक्रम पनि माइसन ३ डिग्रीमा छ। यद्यपि, मौसम चिसो र प्रतिकूल बने पनि निर्वाचन प्रचार-प्रसार तीव्र रूपमा भइरहेको छ । तल्लो मुस्ताङको घाँसादेखि नेपाल-चीन सिमानाका कोरलासम्मै निर्वाचनको माहोल तातिएको छ।

जिल्लामा उम्मेदवारी दर्ता गराएका आठ राजनीतक दलमध्ये छ दल र तिनका उम्मेदवारले निर्वाचनको माहोल तताएका छन् । नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र उज्यालो नेपाल पार्टीले प्रचार-प्रसार अभियानलाई तीव्रता दिइरहेका छन् । मङ्गोल नेपाल अर्गनाइजेसन र आम जनता पार्टी र तिनका उम्मेदवारको प्रचार-प्रसार अभियान पनि चलिरहेकै छ । निर्वाचनको मिति नजिकिँदै गर्दासमेत जाडो छल्न बेँसी झरेका अधिकांश मतदाता जिल्ला फर्किएका छैनन्। केही मतदाता भने हिमालतर्फ उक्लिन थालेका छन् । मतदातालाई फर्काउन उम्मेदवार र पार्टीले पनि विभिन्न तवरले पहल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उम्मेदवारका प्रतिबद्धतापत्रमा वातावरणका मुद्दा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य चुनावका लागि राजनीतिक दल र उम्मेदवारले वातावरणका मुद्दा समेटेर आफ्नो प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् ।

विगतका चुनावमा वातावरण संरक्षणबारे मूर्त र कार्यान्वयनमुखी दृष्टिकोण ल्याउन नसकेका उम्मेदवार यसपटक भने वातावरणीय मुद्दाको उठानमा संवेदनशील देखिएका हुन् । बढ्दो वातावरणीय सङ्कट न्यूनीकरणको विषय राजनीतिक दल र उम्मेदवारका प्रतिबद्धतापत्रमा प्राथमिकताका साथ समेटिनुपर्ने आवाज विगतदेखि उठ्दै आएको छ । संरक्षण अभियन्ताले यस विषयमा रचनात्मक ढङ्गले दबाब दिँदै आएका छन् । गण्डकी प्रदेशका अधिकांश उम्मेदवारले पर्यावरणीय सन्तुलन, स्वच्छ ऊर्जा प्रवर्द्धन, नदीनालालगायत प्राकृतिक सम्पदाको संरक्षण, प्रदूषण नियन्त्रणजस्ता विषयलाई प्रतिबद्धता पत्रमा समेटेका छन् ।


नेकपा (एमाले) बाट कास्की-२ का उम्मेदवार रश्मी आचार्यले सेती, सुरौदी, फिर्केलगायत नदीनालाको किनारमा जैविक विविधता, जलाधार एवं सिमसार क्षेत्र संरक्षण योजना लागू गर्ने विषयलाई आफ्नो चुनावी प्रतिबद्धता पत्रमा समेट्नुभएको छ । पोखराका विभिन्न ठाउँमा सहरी वन कार्यक्रममार्फत जैविक विविधता र वानस्पतिक उद्यानका रूपमा विकास उहाँको प्रतिबद्धतापत्रमा उल्लेख छ।

पोखरामा लामो समयदेखि रहँदै आएको फोहर व्यवस्थापनको समस्या समाधान गर्न फोहरबाट ऊर्जा तथा कम्पोष्ट मल बनाउने प्रविधियुक्त उद्योग स्थापनाका लागि स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्यमा जोड दिइएको छ। यस क्षेत्रमा नियमित रूपमा फोहर उठ्न सकेको छैन । फोहर व्यवस्थापन पोखरा महानगरपालिकाका लागि ठूलो चुनौतीको विषय बनेको छ।

बागलुङ-१ मा नेपाली कांग्रेसबाट उम्मेदवार रहनुभएका भीम श्रीसले आफ्नो ३७ बुँदे प्रतिज्ञापत्रमा वातावरण संरक्षणको मुद्दालाई समेट्नुभएको छ। जसमा कालीगण्डकीलगायत नदीको अव्यवस्थित दोहनलाई नियन्त्रण गर्ने उल्लेख छ । प्राकृतिक स्रोत तथा वातावरण संरक्षणसँगै खानी तथा खनिज उत्खननलाई व्यवस्थित गरी जलवायु परिवर्तन अनुकूलनका लागि अन्तर सरकार र समुदाय सहकार्यमा जोड दिइने जनाइएको छ । नेपाली कम्युनिष्ट पार्टीबाट पर्वतमा उम्मेदवार रहनुभएका मनहरि तिमिल्सिनाले पर्यावरण संरक्षण र प्रकृतिमैत्री विकासमा जोड दिँदै कालीगण्डकी सभ्यता संरक्षण अभियान सञ्चालन गर्ने आफ्नो चुनावी वाचा पत्रमा उल्लेख गर्नुभएको छ । विसं २०८५ भित्र पर्वतका सबै घरमा राष्ट्रिय प्रसारणको गुणस्तरीय बिजुली पुऱ्याउने र स्वच्छ ऊर्जा उत्पादनका लागि सामुदायिक सौर्य ऊर्जा केन्द्र स्थापना गर्ने उहाँको योजनामा समेटिएको छ । कालीगण्डकीसहितका नदीनालाबाट वैज्ञानिक विधिबाट नदीजन्य सामग्रीको उत्पादन र व्यवस्थापन गर्ने उहाँको वाचा पत्रमा उल्लेख छ। खनिजजन्य उद्योगलाई वातावरणमैत्री बनाउँदै उत्पादित सामग्रीको मूल्य अभिवृद्धि पछि मात्र निकासी गर्ने नीति लागू गर्ने उहाँको प्रतिबद्धता छ । कालीगण्डकीलाई धार्मिक 'सर्किट'का रूपमा विकास गरी शालग्राम संरक्षणलाई राष्ट्रिय गौरवको विषय बनाउनुपर्नेमा जोड दिइएको छ । कास्की-१ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार रहनुभएका गनेश पौडेलले नदीनाला, तालतलैया, वन आदिको संरक्षणमा स्थानीयवासीको अभिमत र सहभागिता सुनिश्चित गर्ने विषय आफ्नो चुनावी वाचा पत्रमा समेट्नुभएको छ। फोहर व्यवस्थापनमा चक्रीय अर्थतन्त्रको ढाँचा अवलम्बन गरी फोहरलाई आर्थिक स्रोतमा रूपान्तरण गर्ने उहाँको वाचा पत्रमा उल्लेख छ । हरियाली र खुला स्थानसहित योजनाबद्ध सहरी विकासमा जोड दिइएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बागलुङ-१ मा उम्मेदवार रहनुभएका कल्याण विक्रम आचार्यले आफू निर्वाचित भएर संसद् पुगेमा कालीगण्डकी दोहन नियन्त्रणका लागि सशक्त आवाज उठाउने प्रतिबद्धता जनाउनुभएको छ । धार्मिक आस्था र सभ्यतासँग जोडिएको कालीगण्डकी नदी किनारका क्षेत्रलाई शालिग्राम करिडोरका रूपमा विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभएको छ। बागलुङलाई धार्मिक पर्यटनको केन्द्र बनाइ दामोदर कुण्डदेखि त्रिवेणीधाम जोड्ने धार्मिक रूटको विकास गरिने उहाँको प्रतिबद्धता पत्रमा उल्लेख छ । यस क्षेत्रका अन्य उम्मेदवारले पनि पर्यावरणीय मुद्दालाई झिनो रूपमा भए पनि समेट्ने प्रयास गरेको देखिन्छ। तीव्र सहरीकरण, अव्यवस्थित विकास, प्राकृतिक स्रोतको मनपरी दोहन, बढ्दो प्रदूषण नियन्त्रण, नेपालले भोगिरहेको जलवायु सङ्कट आदि विषयमा अझै पनि स्पष्ट नीति र योजना राजनीतिक दल र उम्मेदवारका प्रतिबद्धता पत्रमा आउन सकेको छैन। विगतमा यस्ता विषयमा गरेका कतिपय प्रतिबद्धता कार्यान्वयनमा स्वयं

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सूर्यबहादुर केसी स्मृति सहारा एकेडेमीमा मिनी फ्लडलाइट जडान

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन

सहारा क्लबका संस्थापक कोषाध्यक्ष तथा सहारा यूकेका संस्थापक महासचिव रामचन्द्र गुरुङ र पूर्व कोषाध्यक्ष एवं उहाँकी धर्मपत्नी उमादेवी गुरुङको सहयोगमा सूर्यबहादुर केसी स्मृति आवासीय फुटबल एकेडेमीमा मिनी फ्लडलाइट जडान गरिएको छ।

एकेडेमीमा आश्रित बालकहरूको फुटबल खेल विकास तथा रात्रिकालीन अभ्यासलाई सहज बनाउन छ वटा पोलमा ३ हजार वाट क्षमताको फ्लडलाइट जडान गरिएको क्लवले जनाएको छ। बुधबार साँझ गुरुङ दम्पत्तिले स्विच अन गर्दै फ्लडलाइटको औपचारिक शुभारम्भ गर्नुभएको हो।

पूर्व अध्यक्ष विक्रम थकालीको प्रस्ताव र पूर्व उपाध्यक्ष विश्वराज बरालको समन्वयमा फ्लडलाइट जडान कार्य सम्पन्न भएको क्लवका महासचिव गंगाराज पौडेलले बताउनु भयो । कार्यक्रममा बोल्दै रामचन्द्र गुरुङले एकेडेमीमा रहेका बालकहरूका साथै विभिन्न पेशा-व्यवसायमा आवद्ध व्यक्तिहरूले पनि साँझपख मैदान प्रयोग गरी शारीरिक रूपमा तन्दुरुस्त रहन तथा मैत्रीपूर्ण फुटबल खेल विकास गर्न सक्ने बताउनुभयो । विदेशमा जस्तै साँझ र बेलुकी अभ्यास गर्ने संस्कार विकास गर्न सहयोग पुऱ्याउने उद्देश्यले फ्लडलाइट जडानमा साथ दिएको उहाँको भनाइ थियो । क्लबका अध्यक्ष केशवबहादुर थापाले गुरुङ दम्पत्ति परिवारबाट लामो समयदेखि सहारा क्लब र आहा रारा पोखरा गोल्डकपका लागि निरन्तर सहयोग प्राप्त हुँदै आएको उल्लेख गर्नुभयो। सचिव ज्ञानेन्द्र गुरुङले रात्रिकालीन खेल अभ्यासले खेलाडीहरूलाई 'फ्लडलाइट अनुभव' दिलाउनुका साथै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा सहयोग पुग्ने बताउनुभयो । कार्यक्रममा सहारा क्लबका मानार्थ सदस्य तथा सहारा यूकेका प्रमुख सल्लाहकार महेश गुरुङ, सहारा हङकङका संस्थापक अध्यक्ष दीपक गुरुङ, पूर्व अध्यक्ष विक्रम थकाली, वरिष्ठ उपाध्यक्ष पूर्ण गुरुङ, कोषाध्यक्ष लीलबहादुर थापा, पूर्व उपाध्यक्ष केशवराज बराल, पूर्व महासचिव रामजीप्रसाद अधिकारी, पूर्व कोषाध्यक्ष नवराज अधिकारी, आजीवन सदस्य सुदर्शन रन्जित, समाजसेवी चन्द्रावती गुरुङ लगायतको उपस्थिति रहेको थियो । पोखरा-१७ दोभिल्लामा २०६९ माघ २६ गतेदेखि सञ्चालनमा आएको सहारा फुटबल एकेडेमीमा हाल ९० बाइ ६० मिटरको फुटबल मैदान रहेको छ। नयाँ फ्लडलाइट जडानसँगै अब एकेडेमीमा नियमित रात्रिकालीन अभ्यास सञ्चालन गर्न सहज हुने विश्वास गरिएको छ । सहारा एकेडेमीमा हाल ३० जना बालकहरु रहनु भएको छ।

# पोखरामा प्रतिनिधिसभा निर्वाचन केन्द्रित कांग्रेसको शक्ति प्रदर्शन तयारी

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन



आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै नेपाली कांग्रेस कास्कीले पोखराको अमरसिंह चौरमा १५ गते शुक्रवार विशाल चुनावी आमसभा आयोजना गर्ने तयारी पूरा गरेको छ। पार्टीले यसलाई गण्डकी प्रदेशस्तरको शक्ति प्रदर्शन र नीति-कार्यक्रम सार्वजनिक गर्ने जानकारी प्रत्रकार संम्लेलनमा जानकारी दिएको हो।

आमसभामा पार्टीका सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले विशेष सम्बोधन गर्ने कार्यक्रम तय भएको छ । उनीहरूले वर्तमान राजनीतिक परिस्थिति, लोकतान्त्रिक मूल्यको सुदृढीकरण, सुशासन र रोजगारीमुखी आर्थिक रूपान्तरणका विषयमा पार्टीको दृष्टिकोण प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । कास्की जिल्ला कार्यसमितिका महासमिति सदस्य दीपक गुरुङका अनुसार आमसभामा करिब २० हजार सहभागी जुट्ने अनुमान गरिएको छ । वहाँका अनुसार गाउँ-गाउँबाट करिब १०० सवारीमार्फत जनप्रतिनिधि, कार्यकर्ता र समर्थकहरू पोखरा आइपुग्ने व्यवस्था मिलाइएको छा "सभालाई व्यवस्थित र प्रभावकारी बनाउन स्वयंसेवक परिचालन, पार्किङ व्यवस्थापन र सुरक्षा समन्वयमा विशेष ध्यान दिइएको छ," वहाँको भनाइ रहेकोछ । कार्यक्रममा गण्डकी प्रदेशका नेपाली कांग्रेसका १८ प्रत्यक्षतर्फका उम्मेदवारको छोटो संक्षिप्त बायो तथा प्राथमिकता सार्वजनिक गरिनेछ। पार्टीका अनुसार यसले मतदातालाई उम्मेदवारको योग्यता, योजना र प्रतिबद्धता बुझ्न सहज बनाउनेछ । साथै, युवाशक्ति, उद्यमशीलता प्रवर्द्धन, सीप विकास र स्थानीयस्तरमै रोजगारी सिर्जनालाई केन्द्रमा राख्दै संस्कार संस्कृति, ग्रामिण कृषि र आधुनिकिकरण ठोस कार्ययोजना प्रस्तुत गरिने तयारी छ।

कास्की कांग्रेसका सभापति किशोरदत्त बरालले 'बदल्यौं कांग्रेस, बदल्छौं देश' मूल नारामार्फत संगठनात्मक रूपान्तरण, विधि-सम्मत र संस्थागत कार्यशैली, पारदर्शिता र उत्तरदायित्वलाई व्यवहारमा उतार्ने प्रतिवद्धता दोहोर्याउदै। "यो आमसभा नारामात्र होइन, परिणाममुखी कार्ययोजना र स्पष्ट रोडम्याप जनतामाझ राख्ने अवसर हो," वहाँको भनाइ रहेको थियो । आयोजकका अनुसार आमसभालाई शान्तिपूर्ण, व्यवस्थित र समावेशी बनाउन स्थानीय प्रशासनसँग समन्वय भइरहेको छ । यातायात, भीड व्यवस्थापन, प्राथमिक उपचार तथा सञ्चार संयन्त्रसमेत तयारी अवस्थामा राखिएको छ। पार्टीले लोकतान्त्रिक मूल्य र विचारको विजयकालागिव्यापकजनसहभागिता सुनिश्चित गर्न सम्पूर्ण नेता, कार्यकर्ता, शुभेच्छुक तथा आम नागरिकलाई उपस्थित हुन आह्वान गरेको छ।

यस आमसभाले निर्वाचन अभियानको गति तीव्र बनाउँदै प्रदेशभर कांग्रेसको संगठनात्मक सक्रियता र चुनावी एजेन्डालाई थप स्पष्ट पार्ने अपेक्षा गरिएको छ।

# पोखरामा आठ सय रोपनीमा तरबुजाखेती विस्तार हुँदै

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन

पोखरा महानगरपालिकामा यस वर्ष करिब ८०० रोपनी क्षेत्रफलमा तरबुजाखेती विस्तार हुने भएको छ।

पोखरा महानगरले यहाँका किसानलाई तरबुजाखेतीतर्फ आकर्षित गर्न अनुदानलगायतका कार्यक्रम अघि बढाएसँगै खेती विस्तार हुँदै गएको हो । पछिल्ला वर्षमा पोखरा महानगरका विभिन्न स्थानमा तरबुजाखेती गर्ने क्रम बढ्दै गएको बताउँदै महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले यसलाई व्यावसायिक रूपमा अघि बढाउने गरी लागिएको जानकारी दिनुभयो । "तरबुजाखेतीप्रतिको आकर्षण बढ्दो छ", उहाँले भन्नुभयो, "यस वर्ष पोखरा क्षेत्रमा करिब ८०० रोपनी क्षेत्रफलमा तरबुजाखेती गर्न लागिएको छ।" यस वर्ष ३०० रोपनी क्षेत्रफलका लागि किसानलाई बीउ अनुदानमा वितरण गरिएको जानकारी दिँदै उहाँले अनुदानबाहेक पनि ठूलो क्षेत्रफलमा किसानहरूले आफैँले बीउ खरिद गरी तरबुजाखेती गर्न लागेको बताउनुभयो । महानगरपालिकाले बिउ र मल्चिङमा ५० प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको छ । अघिल्लो वर्ष पोखरा महानगरपालिकाको वडा नम्बर १३, १४, ३३ लगायत स्थानमा झण्डै २०० रोपनीमा तरबुजाखेती गरिएकोमा रु दुई करोड बराबरको कारोबार भएको थियो। किसानलाई यसतर्फको आकर्षण गराउन महआनगरपालिकाले तरबुजा मेलासमेत गर्दै आएको छ । उत्पादक किसानका लागि महानगरपालिकाले तरबुजाको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु ३५ तोकेको छ । पोखरामा विशेषतः सरस्वती जातको तरबुजा धेरै लगाउने गरिएको कडरियाले जानकारी दिनुभयो।

# जन्मठाउँ भरतपोखरीबाट एमाले उम्मेदवार रश्मि आचार्यको सम्पत्ति विवरण सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन



आसन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट कास्की क्षेत्र नं. २ का उम्मेदवार रश्मि आचार्यले आफ्नो जन्मथलो पोखरा-३३ भरतपोखरीबाटै सम्पत्ति विवरण सार्वजनिक गरेका छन्। बिहीबार भरतपोखरीमा मतदाता भेटघाटका क्रममा लामगादीमा आयोजित युबा भेलामा उनले सम्पत्ति विवरण सार्वजनिक गर्दै आफू सधैं पारदर्शिता, सुशासन र जवाफदेहिताको पक्षमा उभिएको बताए।

सार्वजनिक गरिएको विवरणअनुसार उम्मेदवार आचार्यको आफ्नै नाममा हाल कुनै सम्पत्ति रहेको छैन। पुर्ख्यौली जग्गा जमिन उनको वुवाको नाममा रहेको छ। आफुले लेखेको लेखबाट प्राप्त रकम र श्रीमतीको जागिर नै आफ्नो कमाई भएको आचार्यले स्पष्ट पारे । 'इमानदारी र नैतिकतालाई उच्च आदर्श मानेर अघि बढेको छु। अहिलेसम्म कसैसँग बेइमानी गरेको छैन, भोलि पनि गर्ने छैन," आचार्यले भने, 'आज मसँग जे-जति छ, तपाईँहरूलाई जानकारी गराएको छु, भोलि पनि नियमित रूपमा जानकारी गराउनेछु।'

उनले पदमा पुगेपछि मात्र होइन, उम्मेदवारीकै चरणमा सम्पत्ति विवरण सार्वजनिक गर्नु जनताप्रतिको उत्तरदायित्व भएको उल्लेख गरे । विजयी भएपछि मात्र सम्पत्ति विवरण सार्वजनिक गर्ने परम्परा रहे पनि आफूले आम मतदातालाई सुसूचित गर्ने उद्देश्यले अग्रीम रूपमा विवरण सार्वजनिक गरेको स्पष्ट पारे । समृद्धि र विकासलाई 'अर्जुन दृष्टि' बनाउँदै निःस्वार्थ सेवाभावका साथ उम्मेदवारी दिएको बताउने आचार्यले आफ्नै जन्मभूमिका बासिन्दालाई साक्षी राखेर सम्पत्ति विवरण सार्वजनिक गर्नु राजनीतिक इमानदारीताको उदाहरण भएको स्थानीयवासीको धारणा छ।

# चौथो हिसान गण्डकी प्रदेश स्तरीय फुटसल प्रतियोगिता शुक्रबारदेखि

पोखरापत्र संवाददाता
पोखरा, १४ फागुन

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा हुने चौथो प्रदेशस्तरीय हिसान प्लस टु फुटसल प्रतियोगिताको खेलको खेलतालिका सार्वजनीक भएको छ।

उद्घाटन खेलमा गुरुकुल विद्यासदन र स्टेप बाई स्टेप सेकेन्डरी स्कुल बिच हुनेछ।

शुक्रबार देखि हुने प्रतियोगितामा प्लस टु तर्फ १६ टिमको सहभागीता रहेको छ भने कलेज फुटसल तर्फ ८ टिमको सहभागीतारहेकोछ।फागुन१५देखी १७ गते सम्म पोखरा रंगशालाको कर्भडहलमा प्रयियोगिता सञ्चालन हुने छ। प्रतियोगितामा हिसानमा आवद्ध विद्यालयहरुलाई सहभागीता रहेको र खेल जित्नुमात्रै नभएर फुटबल विकासका लागि प्रतियोगिता गरेको आयोजना गरेको हिसान गण्डकीका अध्यक्ष डा. राम्जी शर्माले जानकारी दिए।

हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाउने छन् । प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्बलले गर्दै आएको छ । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने क्लबका सल्लाकार सन्तोष पराजुलीले जानकारी दिए । त्यसै गरी कलेज तर्फका विजेताले नगद २० हजार, मेडल, ट्रफि र प्रमाणपत्र उपविजेताले नगद १० हजार, मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छ । हिसान फुटसल प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न प्रतियोगिता गर्दै आएको सबिन मेमोरियल क्लबका अध्यक्ष सञ्जय लिगले बताए । प्रतियोगिताकोपावरबाइमा टभिएस मोटरसाइकल र सपोटेबाइमा सुजल डेरीको सफल दुध रहेका छन्।

**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।**

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ।
- मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## माइनस ...

गरिरहेका छन्।

यहाँ उम्मेदवारले पूर्वाधार निर्माण, कृषि, पर्यटन, शिक्षालगायत मुस्ताङ जिल्लाको समग्र विकास योजनालाई प्राथमिकतामा राखेर निर्वाचनका कार्यक्रम अघि बढाइरहेका छन् । नेपाल-चीन उत्तरी कोरलानाकाको भन्सार अध्यागमन तथा एकीकृत सुरक्षा पोस्टलगायतका भौतिक पूर्वाधार, निर्माण, कोरलानाका हुँदै चीनको स्वशासित क्षेत्र तिब्बतको मानसरोवरको पर्यटन मार्ग तथा पर्यटन विकास, माथिल्लो मुस्ताङको निषेधित तथा नियन्त्रित क्षेत्रको खारेजी, कृषि क्षेत्रमा आधुनिकीकरण तथा खेर गइरहेका जग्गाहरूको समुचित व्यवस्थापन, गुणस्तरीय शिक्षा तथा ब्याचलर सम्मको सबै विषयमा शैक्षिक सुविधा, सडक, पुल, मुस्ताङ–डोल्पा सडकको पूर्णता र मुस्ताङ–मनाङ सडकमार्ग, जलवायु सङ्कटको न्यूनीकरण, सुविधा सम्पन्न स्वास्थ्य पूर्वाधार तथा जनशक्ति व्यवस्थापनलगायतका प्रतिबद्धता लिएर दल तथा उम्मेदवार जनतासमक्ष पुगिरहेका छन् । यसैगरी, जिल्लामा अलपत्र विकास योजनालाई अघि बढाउने, युवा उद्यमशीलताको विकास गर्ने तथा मुस्ताङको समग्र पर्यटन विकासको सम्भावनाको खोजी गर्दै पर्यटकीय पूर्वाधार निर्माणमा जोड दिनेलगायत विषय घोषणा गरिएका छन् । मतदाता रिझाउन उम्मेदवारले भूमिहीन सुकुम्वासी तथा अव्यस्थित बसोबासीलाई लालपुर्जा दिलाउन पहल गर्ने तथा मुस्ताङमा २०३० सालमा नापी हुन छुटेका जग्गालाई पुनः नापनक्सा गराउन पहल गर्नेलगायत प्रतिबद्धता जनाइरहेका छन् । विसं २०७९ को निर्वाचनसम्म एमाले र कांग्रेसको एकल प्रतिस्पर्धा हुने यस जिल्लामा यसपटक मुख्य गरी चार राजनीतिक पार्टीको प्रतिस्पर्धा हुने आकलन गरिएको छ । हाल नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको मुख्य प्रतिस्पर्धामा छन् । त्यसो त मतदातालाई आफ्नो पक्षमा पार्न उज्यालो नेपाल र राप्रपाले निर्वाचनमा मुख्य प्रतिस्पर्धी पार्टीलाई चुनौती दिने आकलन गरिएको छ । जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको र दलहरू पनि आफ्ना उम्मेदवार लिएर घरघर गइरहेको बताउनुभयो । निर्वाचनका लागि कर्मचारीहरूको व्यवस्थापन तथा कार्यविभाजन, मतदान केन्द्रमा खटिने कर्मचारीहरूलाई तालिम दिनेलगायत काम सकिएको उहाँले बताउनुभयो । निर्वाचनका लागि जिल्लामा एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको छ। निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीबाट ५०१ र सशस्त्र प्रहरीबाट निर्वाचन प्रहरीसहित २०० भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएका छन् । यसैगरी, नेपाली सेनाले माथिल्लो मुस्ताङ र तल्लो मुस्ताङमा निर्वाचन सुरक्षा बेस क्याम्प स्थापना गरी गस्ती बढाइरहेको छ।

## उम्मेदवारका...

दलहरूकै उदासिनता देखिन्छ । अनियन्त्रित दोहन र अतिक्रमणको चपेटमा परेका नदीनाला संरक्षणको मुद्दालाई राजनीतिक दलका चुनावी घोषणापत्रमा प्राथमिकता दिन माग गर्दै नदी संरक्षण अभियन्ता मेघ आले केही समयअघि अनशन बस्नुभएको थियो।

नदीलाई मानवीय अतिक्रमण र प्राकृतिक प्रकोपबाट जोगाउन नसके ठूलो पर्यावरणीय सङ्कट निम्तन संरक्षणकर्मीको चिन्ता छ। नीतिनिर्माणसँगै त्यसलाई कार्यान्वयन गर्ने जवाफदेही नेतृत्व नभएसम्म वातावरणीय न्यायको मुद्दा कमजोर बनिरहने उनीहरूको भनाइ छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# बालबालिकालाई प्रचारप्रसारमा नलगाऊ

बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गरिएको भन्दै सामाजिक संजालमा विरोध भएको छ । स्कुल बसमा बालबालिकालाई भोट फलानो चिन्हमा भनेर नारा लगाउन लगाउने गरिएको छ । स्कुले बालबालिकालाई अमुक नेता मुर्दावाद, चोर देश छोड भनेर नारा लगाउन पैसा दिएको सार्वजनिक भएको छानिर्वाचनमा स्कुले बालबालिकालाई उमेदवार वा दलले प्रयोग गरेको उजुरी निर्वाचन आयोगमा परेको छ । निर्वाचनमा के गर्न हुने के गर्न नहुने भनेर दलहरूको सहमतिमा आचारसंहिता जारी भएको छ । निर्वाचन आचारसंहिता पालना भए नभएको हेर्न अनुगमन समिति पनि छाउजुरी नपरेपनि अनुगमन समितिले नै सचेत गराउने देखि कार्वाही सिफारिस गर्न सक्छ ।

निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग गरिएको भेटिएपछि निर्वाचन आयोगले फागुन ११ गते विज्ञप्ति जारी गरी चुनावी अभियानमा बालबालिकाको प्रयोग नगर्न राजनीतिक दल र उम्मेदवारहरूलाई निर्देशन दिएको छ । निर्वाचन आचार संहितामा चुनाव प्रचारमा बालबालिकालाई संलग्न गर्न वा गराउन निषेध गरिएको छ । संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिलगायतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूमा पनि बालबालिकालाई कुनै पनि जोखिमपूर्ण काम र ठाममा सहभागी गराउन नहुने प्रावधान रहेको देखिन्छ । जेनजी आन्दोलनमा स्कुले बालबालिका समेत प्रयोग गरिएको थियो । त्यसबेला कसैले विरोध नगरेपछि अहिले निर्वाचनमा प्रचारप्रसारमा प्रयोग गर्ने काम भएको छ । जुन गलत काम हो ।

निर्वाचन आयोगको विज्ञप्तिमा उल्लेख भएअनुसार आचार संहिताको उल्लंघन भएमा आयोगले उमेदवारी रद्द गर्नेसम्मको कारबाही गर्न सक्छ । यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले पनि निर्वाचनमा बालबालिकाको प्रयोग हुन नदिन राजनीतिक दल, नागरिक समाज, विद्यालय, शिक्षक र अविभावकको जिम्मेवारी सम्झाउँदै तदनुरूपको आचरणका लागि आग्रह गरेको छ । आयोगको अनुगमनबाट सामाजिक सञ्जाललगायत प्रत्यक्षरूपमा पनि बालबालिकालाई निर्वाचन गतिविधिमा संलग्न गराइएको पाइएको भन्दै आचार संहिता पालन गर्न ध्यानाकर्षण गराएको छ ।

यसैगरी निर्वाचन आयोगले सरकारी शिक्षक तथा कर्मचारीलाई चुनावी प्रचारप्रसारमा संलग्न नहुनै स्मरण गराउँदै आफ्नो पेसागत मर्यादा नबिर्सन चेतावनी दिएको छ । आगामी फागुन २१ गते हुने निर्वाचनका लागि देशभर भइरहेको निर्वाचन प्रचारप्रसारमा केही सरकारी शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उमेदवार विशेषको प्रचारमा लागेको थाहा भएको भन्दै त्यस्तो गतिविधि निर्वाचन आचार संहिताविपरीत हुने जनाएको हो ।

नेपाललगायतका कतिपय मुलुकमा निर्वाचनलाई स्वच्छ र निष्पक्ष राख्न विभिन्न नियम र आचार संहिताबाट विधि र निषेध तय गरिएको हुन्छ । यसरी तय गरिएका विधि र निषेध कायम रहुन्जेल पालना गर्नु सरकारी कर्मचारी, शिक्षक, उमेदवारलगायत राजनीतिक दलका नेता कार्यकर्ता तथा सञ्चारकर्मीसहित नागरिक समाजको पनि कर्तव्य हो । केही संचार माध्यमले आचारसंहिता नमान्ने भनेर निर्वाचन आयोगलाई चुनौती दिएका छन। आचार संहिताका प्रावधानहरू उचित नलाग्न सक्छन् तर तिनलाई कि खारेज गराउन सक्नुपर्छ नभए पालना गर्नु कानुनीमात्र होइन नैतिक दायित्व पनि हो । निर्वाचन आयोगले सबैलाई समान व्यवहार गर्नुपर्छ ।आचारसंहिता पालना गरे पनि हुने, नगरेपनि केही नहुने अवस्था रहन दिनुहुँदैन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : शारीरिक झमेला | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हिस्तानमा वडा कार्यालय भवन निर्माण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ महभिरमा वडा कार्यालयको भवन निर्माण सुरु भएको छ ।

रु एक करोड आठ लाख आठ हजार ९९२ मा ठेक्का सम्झौता गरेको भण्डारी निर्माण सेवाले भवन निर्माणका लागि जग्गा व्यवस्थापनको काम थालेको हो । गाउँपालिकाका सवइञ्जिनियर मोहम्मद करि मुल्लाह मियाँका अनुसार रु एक करोड ४९ लाख ९१ हजार ४९९ लागत अनुमान गरिएको योजनाको ठेक्का प्रक्रियामा १० वटा कम्पनीले प्रस्ताव गरेका थिए । सबैभन्दा कम रकम कबोलेको कम्पनीसँग ठेक्का सम्झौता भएको हो । चालु आर्थिक वर्षभित्रनै भवन निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ । भूकम्प प्रतिरोधी क्षमताको अपाङ्गमैत्री दुईतले भवनमा दश वडा कोठा हुनेछन् । भवनको बुधबार अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले शिलन्यास गर्नुभयो । उक्त भवन निर्माणका लागि स्थानीयवासीले चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरलासडकसँग जोडिएको पर्यटकीयस्थल महभिर झरना नजिकै रहेको रु एक करोडभन्दा बढी मूल्य पर्ने चार रोपनी क्षेत्रफलको जग्गा निःशुल्क उपलब्ध गराएका थिए । भक्तराज पुन, चतिमा गर्बुजा, भक्तबहादुर गर्बुजा, लोकबहादुर फगामी, लोकबहादुर पुन, भिममाया गर्बुजा, गौमाया गर्बुजा, सुनमति गर्बुजा, प्रितिम रन्तिजा, गौरी गर्बुजाले ११ कित्ता जग्गा निःशुल्क उपलब्ध गराउनुभएको अन्नपूर्ण गाउँपालिका-७ का वडाध्यक्ष मइलन गर्बुजा पुनले जानकारी दिनुभयो । अघिल्लो कार्यकालमा गाउँसभाले महभिरमा वडा केन्द्र कायम गर्ने निर्णय गरेको थियो । साविक हिस्तान गाविसको केन्द्र टिकोटमा थियो । सङ्घीयतापछि पहिलो कार्यकालको सुरुदेखिनै हिस्तानको वडा कार्यालय महभिरमा भाडाको घरमा सञ्चालन हुँदै आएको छ ।

# 'जसले बाँदर नियन्त्रण गर्ने स्पष्ट खाका ल्याउँछ उसैलाई भोट दिने हो'

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ फागुन

बागलुङको जैमिनी क्षेत्रमा भोट माग्न जाने उम्मेदवारलाई मतदाताले चुनाव जितेर बाँदर नियन्त्रण गर्ने नीति ल्याउन आग्रह गरेका छन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मत माग्न गाउँमा पुगेका उम्मेदवारलाई मतदाताले बाँदर आतङ्कले गाउँमा बस्न गाह्रो भएको गुनासो पोखेका हुन् ।

जैमिनी नगरपालिका-५ की कुमारी थापाले बसाइँसराइका कारण गाउँ रित्तो हुँदै गएपछि बाँदर गाउँका घरमा बस्न थालेको उहाँले बताउनुभयो । बारीमा लगाएको बालीदेखि घरमा राखेको सबै सामान बाँदरले नष्ट गरी दिँदा गाउँमा बस्न सक्ने अवस्था नभएको उहाँको भनाइ छ । टोल छिमेकी सबै बजार झरेको भन्दै गाउँमा बस्ने वातावरण बनाउने नेतालाई जिताउनुपर्ने थापा बताउनुहुन्छ ।

"बाँदरले गाउँमा बस्न गाह्रो बनाइ सक्यो, न बारीका बाली राम्रो हुन दिन्छ, न घरमा राखेका सरसामान सुरक्षित हुन्छन्, यस्तो अवस्थामा कसरी गाउँमा बस्न सकिन्छ र ?" उहाँले भन्नुभयो, "पहिलो मान्छे विकास नभएर बजार झरे, अहिले विकास भएको छ तर बाँदरका कारण गाउँ छोड्नुपर्ने अवस्था आएको छ, जसले बाँदर नियन्त्रण गर्ने योजना ल्याउँछ उसैलाई भोट दिने हो ।" स्थानीय प्रतीमा पौडेलले केटाकेटी र वृद्धवृद्धालाई गाउँमा एक्लै बस्ने समस्या हुने गरेको बताउनुभयो । पहिले वनमा बस्ने बाँदर हिजोआज गाउँमा बस्न थालेको भन्दै केटाकेटी र बूढाबूढीलाई आक्रमण गर्न आउने उहाँको भनाइ छ । घर छोडेर मेलापातमा जाँदा एक/दुई जना घर कुरुवालाई राखेर जानुपर्ने बाध्यता रहेको गुनासो गर्नुभयो ।

उहाँले भन्नुभयो, "पछिल्लो पाँच वर्षदेखि गाउँमा बाँदरले आतङ्क मच्चाएको छ, हुने खानेहरू सबै सहर बजार गइसके, गाउँमा हुने त उही सामान्य परिवारका मात्रै छन्, पहिले पहिले गाउँमा धेरै मान्छेहरू भएर होला बाँदर डराउँथे, अहिले त धपाउन खोज्दा उल्टै आक्रमण गर्न आउँछन् यो हिसाबले गाउँमा बस्न सक्ने अवस्था छैन, चुनावमा भोट माग्न आउने नेतालाई बाँदर नियन्त्रण गरी गाउँमा बस्ने वातावरण मिलाइ दिनु अनुरोध गरेका छौं ।

बरेङ-१ तमबहादुर विकले जनताको माग र आवश्यकतालाई बुझेर काम गर्ने नेतालाई भोट दिने बताउनुभयो । धेरै थरिका नेताहरू भोट माग्न आइरहेको उहाँको भनाइ छ । यसपालि किसानका समस्यमा बुझ्ने उम्मेदवारलाई भोट दिने उहाँको भनाइ छ ।

# कालिका माविबाट एसइई दिने विद्यार्थीलाई बिदाइ र शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन



पोखरा महानगरपालिका, वडा नम्बर ३३, आँपुभन्ज्याङस्थित कालिका माध्यमिक विद्यालयबाट यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सहभागी हुने तयारीमा रहेका विद्यार्थीहरूलाई बुधवार बिदाइ तथा शुभकामना कार्यक्रम गरिएको छ ।

कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको आयोजनामा भएको कार्यक्रम सोही कक्षाका विद्यार्थी सन्दिप विकको अध्यक्षतामा भएको थियो । कार्यक्रममा प्रमुख अतिथि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनबहादुर थापाले कालिकाले विद्यार्थीको हितका लागि प्रयास गर्दै आएको बताए । उनले गत वर्षहरूमा कालिकाले कायम गरेको एसइईको उत्कृष्ट नतिजालाई थप सुधार गर्नका लागि विद्यार्थीहरूलाई शुभकामना दिए ।

विशेष अतिथि शिक्षक अभिभावक सङ्घका अध्यक्ष डिबी विश्वकर्माले एसइईपछि विद्यार्थीहरूको नयाँ जीवन सुरु हुने भन्दै नयाँ जीवनलाई नयाँ ढङ्गले सुरु गर्नका लागि विशेष मिहिनेत गर्न सुझाव दिए ।

विद्यालयकी सहायक प्रधानाध्यापक बालकुमारी थापा मगरले शिक्षक र विद्यालयले विद्यार्थीको हितका लागि गरेको प्रयासलाई सार्थक बनाउन विद्यार्थीहरूको विशेष भूमिका रहने बताइन् ।

कक्षा १० की छात्रा सफला सुनारले विद्यालय दिएको वातावरण अविस्मरणीय रहने बताउँदै विद्यालयले गरेको मार्गदर्शनले जीवनभर प्रेरणा दिने बताइन् ।

कक्षा ९ की छात्रा कृतिका केसीको सञ्चालनमा भएको कार्यक्रममा कक्षाकी छात्रा प्रेमिका तामाङले स्वागत गरेकी थिइन्। सो अवसरमा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरेका थिए । यस वर्ष कालिका माविबाट १३ जना सहभागी हुँदै छन् ।

# सिंहदरबार पुनःनिर्माण गर्न सकिन्छ : सभापति लामिछाने

**पोखरापत्र संवाददाता**
गोरखा, १४ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सिंहदरबार पुनः निर्माण सकिने तर आमाको गुमेको कोख कहिल्यै नभरिने बताउनुभएको छ ।

बिहीबार रास्वपा गोरखाद्वारा सदरमुकाममा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उहाँले जेनजी आन्दोलनका क्रममा पहिले गोली चलेका कारण मात्र पछि सिंहदरबार जलेको दाबी गर्नुभयो । "यहाँ कसैले भ्रम फैलाएका छन्, सिंहदरबार जलायो, विध्वंस गऱ्यो भनेर । तर २३ गते गोली नचलेको भए केही पनि जल्ने थिएन", उहाँले भन्नुभयो, "जो ढल्यो, त्यो फेरि कहिल्यै उठ्दैन । रित्तिएको आमाको कोख कहिल्यै भरिँदैन । सिंहदरबार हामी पुनः निर्माण गर्छौं । सरकारी संरचना जलेकामा हामीले गौरव गरेका छैनौं ।"

आफू वा कोही पनि प्रश्न भन्दामाथि नरहेको उहाँले बताउनुभयो । लामिछानेले आजै पालुङटार नगरपालिकामा आयोजित चुनावी सभामा समेत सम्बोधन गर्नुभएको थियो ।

# क्षतिग्रस्त पोखरा एनसेल सेन्टर पुनःसञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

जेनजी आन्दोलनका क्रममा तोडफोडपछि क्षतिग्रस्त बनेको पोखरास्थित एनसेल सेन्टर बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ ।

पोखराको सिर्जना चोकस्थित सेन्टर जेनजी आन्दोलनका बेलामा तोडफोडपश्चात क्षतिग्रस्त बनेपछि बन्द रहेकामा आजदेखि पुनःसञ्चालनमा ल्याइएको हो ।

मर्मत सम्भारपश्चात पुनःसञ्चालनमा ल्याइएको सेन्टरको बिहीबार एक समारोहका बीच एनसेलका ग्राहक सेवा प्रबन्धक ज्योति दाहाल र पोखरा नुडल्स प्रालिका अधिकृत एमप्रसाद गौतमले उद्घाटन गर्नुभयो । सेन्टरमा क्षति पुगेर बन्द भएपछि कम्पनीले अस्थायी रुपमा ग्राहक सेवा एक तलामाथि रहेको कार्यालयबाट प्रदान गर्दै आएको थियो ।

ग्राहक सेवालाई अझ सहज र गुणस्तरीय बनाउन एनसेलले देशका विभिन्न भागमा ३१ एनसेल सेन्टरहरू सञ्चालन गर्दै आएको कम्पनीले जनाएको छ ।


# Bareng Rural Municipality
## Hugdisir, Baglung
## Gandaki Province, Nepal

## Invitation for Bids

(Date of Publication: 2082-11-15 BS (2026-Feb-27 AD)

1. Bareng Rural Municipality Office, Hugdisir, Baglung invites electronic bids only from eligible bidders for the healthpost building maintenance works mentioned in table below under contract.

| S. N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc. Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Birthing center tatha swastha sastha byabasthapan abam sudhridikaran (Health post maintenance work) | BRM/BAGLUNG/ NCB/W/B/8/2082/83 | NRs.39,85,464.97 | NRS 3000 | 1,00,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

# संसदबाट हिमाली जलवायु संकट विश्वलाई सुनाउने मनोज गुरुङको प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन



दुई वर्षअघि २०८० को कात्तिकमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसले अन्नपूर्ण आधार शिविरको भ्रमण गरे । जलवायु परिवर्तनका कारण परेको असरबारे प्रत्यक्ष बुझ्न उनी एबीसी आएपछि विश्वको ध्यान खिच्ने अपेक्षा थियो । अपेक्षाकृत सन्देश प्रवाह हुन सकेन ।

त्यही ठाउँबाट उम्मेद्वार बनेका छन्, मनोज गुरुङ । हिमाली क्षेत्रले जलवायु परिवर्तनबाट भोगेका समस्याबारे उनी प्रत्यक्ष अनुभवी हुन् । त्यसैले आफ्ना क्षेत्रका नागरिकले भोग्नुपरेको जलवायु संकटबारे उनी सचेत छन् । गुरुङले संसदबाटै जलवायु परिवर्तनबाट हिमाली क्षेत्रले व्यहोर्नुपरेको संकटबारे विश्वको ध्यानाकर्षण गराउने बताएका छन् । 'हाम्रा हिमाल कालापत्थर भैसके । बाल्यकालमा देखेको टल्कने हिउँ अहिले छैन,' उनी भन्छन्, 'यो मैले मात्रै होइन, मेरा क्षेत्रका सबै नागरिकले भोगेका छन् । तर, आजसम्म हाम्रो समस्या संसदबाट सुनाइदिने कोही भएनन् ।' आफू निर्वाचित भएपछि विकाससँगै संरक्षणमा ध्यान दिने प्रतिबद्धता जनाए । 'विकास अव्यवस्थित छ । सांसदलाई मन लागेको ठाउँमा योजना गएका छन् । आवश्यक्ता र मागका आधारमा विकास गर्नुपर्छ,' उनले भने, 'विकास गर्दा पर्यावरणलाई विगार्न भएन । संरक्षणसँगै विकासको अवधारणा कार्यान्वयन गनुर्छ । मैले गर्ने त्यही हो ।' अन्नपूर्ण र माछापुच्छ्रेलगायत क्षेत्रका आसपासमा जलवायु परिवर्तनका कारण केही बसाइ सर्नुपर्ने अवस्थामा छन् । खानेपानीको अभाव बढ्दो छ । नयाँ रोगहरू हिमालकै छेउसम्म पुगेको छ । 'किरा फट्यांग्राहरू हामीले कहिलै नदेखेका पनि अहिले देखिन थाले । लामखुट्टे हिमालकै फेदसम्म पुगेका छन्,' मनोज भन्छन्, 'यसको कारण जलवायु परिवर्तन नै त हो । गर्मी यतिसारो बढिसक्यो । यो गुनासो गरेर बस्ने मात्रै होइन, संसारलाई सुनाउने हो ।'

जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि जलवायु कोषमार्फत नेपालले प्राप्त गर्ने रकम आफ्नो क्षेत्रसम्म ल्याउने उनको प्रतिबद्धता छ । हालसम्म यो कोषबाट नेपालले ४० करोड ७१ लाख अमेरिकी डलर (झन्डै ५८ अर्ब रुपैयाँ) सहयोग प्राप्त गरेको छ । विभिन्न जलवायु कोषमार्फत हालसम्म नेपालले प्राप्त गरेको उक्त रकमबाट ४९ परियोजना सञ्चालनमा छन् । तर, कास्की-३ मा देखिने गरी कुनै योजना यो कोषबाट संचालन भएको छैन । जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि नेपालले द्विपक्षीय सहायता, बहुपक्षीय विकास बैंकले स्थापना गरेको हरित जलवायु कोष र जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय रूपरेखामार्फत आर्थिक सहयोग प्राप्त गर्दै आएको छ । गुरुङले अन्नपूर्ण वा माछापुच्छ्रेको छेउमा अन्तर्राष्ट्रिय ध्यानाकर्षण सम्मेलन गर्ने बताएका छन् । 'जलवायुका क्षेत्रमा काम गर्ने विज्ञहरुलाई हाम्रो क्षेत्रको अनुभव गराउनुछ । उनीहरुले अन्तर्राष्ट्रिय फोरमहरूमा हाम्रा समस्याबारे खुलेर राख्न सकुन् भन्ने हाम्रो मान्यता हो,' गुरुङले अघि भने, 'पहिला हामी हाम्रै ठाउँमा उहाँहरूलाई निम्त्याएर एउटा कार्यक्रम गर्छौं । त्यसपछि निरन्तर संसदबाट यसबारे आफ्ना विचार राख्नेछु । अन्तर्राष्ट्रिय फोरमले अब हाम्रा समस्या सुन्नुपर्छ र महसुस गर्नुपर्छ ।' उनले जलवायु संकटको क्षतिपूर्ति बापत आउने अन्तर्राष्ट्रिय कोषलाई तल्लो तटीय क्षेत्रका किसानसम्म पुर्याउने प्रतिबद्धता जनाए । स्थानीयको सहमति र पर्यावरणलाई असर नपर्ने गरी नयाँ पिकहरूमा आरोहण खुल्ला गरी रोयल्टी गाउँमा भित्र्याउने योजना पनि अघि सारेका छन् । कास्की क्षेत्र नं ३ संरक्षण क्षेत्रभित्र पर्ने भूगोल हो । अधिकांश भुभाग अन्नपूर्ण संरक्षण क्षेत्रले ओगटेको छ । गुरुङले एक्यापको सञ्चालन नियमावली समयसापेक्ष बनाउन पैरवी गर्ने बताएका छन् । संरक्षण क्षेत्रभित्रका व्यवसायलाई वैधानिक बनाउन र करको दायरामा ल्याउन सक्दो प्रयास गर्ने उनको संकल्प छ । गुरुङले कृषिलाई पनि जलवायु अनुकल हुने गरी व्यवस्थित गर्ने र त्यसका लागि नलेज (विज्ञ) सभा आफ्नै क्षेत्रमा गर्ने बताए । उनी फागुन २१ गते हुने निर्वाचन लक्षित घरदैलोमा छन् । गुरुङलाई भूगोलले चिनेको नेता भन्दै सबैले स्वागत गर्दै शुभकामना दिइरहेका छन् । घरदैलोका क्रममा नीतिगत सुधारसँगै स्थानीय विकासका बारेमा पनि गुरुङले प्रतिबद्धता जनाइरहेका छन् ।

# एमालेलाई जिताउनुस्, सिक्लेस र ताङतिङको सडक अहिलेजस्तो रहँदैन : बैनबहादुर

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन



नेकपा एमालेबाट कास्की-१ मा प्रतिनिधिसभा सदस्य उम्मेद्वार रहेका बैनबहादुर अधिकारी क्षेत्रीले मादी गाउँपालिकाका दुई प्रमुख पर्यटकीय गाउँ सिक्लेस र ताङतिङ पुग्ने सडकलाई सहजै आउजाउ गर्नसक्ने बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

बुधबार मादी-२ ताङतिङका मतदातासँगको भेटमा उनले पटकपटक पहल भएपछि अहिलेको अवस्थासम्म दुवै गाउँको सडक स्तरोन्नति भएको सुनाए । जितेर गएपछि अर्को निर्वाचनमा आउँदासम्म काउरे डाँडादेखि ताङतिङसम्म सडक कालोपत्रे गरिने उनको भनाइ थियो । 'सिक्लेस, ताङतिङमा बाटोको रेखा कोर्ने पार्टी एमाले हो । दुवै गाउँको बाटो स्तरोन्नति र कालोपत्रेकै चरणमा छ,' उनले थपे, 'काउरे डाँडादेखि ताङतिङसम्म आउने सडक हामी अर्को निर्वाचनमा आउँदासम्म कालोपत्रे हुन्छ । यो बोल्नका लागि बोलेका होइन ।' सिक्लेससम्म जाने सडक पनि केही खोलामा पुल आवश्यक देखिएको उनको भनाइ थियो । सिक्लेस पुग्ने सडक पूरै कालोपत्रे गर्न भौगोलिक हिसाबले सम्भव भए गर्ने, नभएपनि सहज आउजाउ गर्न सक्ने बनाउने उनको प्रतिबद्धता छ । यसका लागि आफू निर्वाचित भएपछि प्राथमिकता दिएर पहल थाल्ने अधिकारीले बताए ।

सडक बनाएर मात्र नहुने, त्यसलाई आयआर्जनसँग जोड्नुपर्ने उनले बताए । ताङतिङ, ऋपु र क्वहोलासौँथारलाई जोडेर पर्यटीय गतिविधि विकास गर्न सकिने उनले सुनाए ।

# बोङ्गाखोलामा पुल निर्माण थालियो

**पोखरापत्र संवाददाता**
पोखरा, १४ फागुन

एक वर्षदेखि निर्माण व्यवसायी सम्पर्कविहीन बनेपछि अलपत्र बनेको बोङ्गाखोला पुलको काम थालिएको छ ।

बागलुङको तमानखोला गाउँपालिका-१ बोङ्गादोभानमा निर्माणाधीन मोटरेबल पुलको काम गत चैतदेखि रोकिएको थियो । पुल निर्माणको जिम्मा पाएको कान्तिपथ कन्ट्रक्सनले अहिले पेटी ठेकेदारलाई काम गर्ने जिम्मा दिएपछि निर्माण सुरु भएको हो ।

निर्माण कम्पनी समय-समयमा सम्पर्कविहीन हुँदा करोडौंको योजना अलपत्र पर्दै आएको थियो । विसं २०७७ पुस १६ गते सडक डिभिजन कार्यालय बागलुङसँग सम्झौता गरी काम सुरु भएको थियो । विसं २०७९ चैत ३० गतेसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि हालसम्म करिब ५१ प्रतिशत मात्रै काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ । दुई वर्षमा निर्माण गरि सक्नुपर्ने पुल समयावधिसम्म नसकेपछि गत वर्ष चैत ३० गते एक वर्षका लागि म्याद थप गरेको सडक डिभिजन कार्यालयका इञ्जिनियर अमर अधिकारीले बताउनुभयो ।

# आँधीखोला किनार क्षेत्रमा तर्बुजाखेती सुरु

**पोखरापत्र संवाददाता**
वालिङ, १४ फागुन

यहाँको भीरकोट नगरपालिकाले आँधीखोला किनार क्षेत्रमा परीक्षणका रुपमा तर्बुजाखेती सुरु गरेको छ । हेफर इन्टरनेसनलसँगको सहकार्यमा भीरकोट कृषि तथा पशु विकास परियोजनामार्फत तर्बुजा खेतीको सम्भाव्यता अध्ययन गरी व्यावसायिक तर्बुजाखेती गर्ने लक्ष्य लिएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो ।

यहाँको हावापानी, माटो तर्बुजा खेतीका लागि उपयुक्त हुने देखिएकाले व्यावसायिकरुपमा अगाडि बढाउन पहिलो चरणमा बीउ, बेर्ना, उपकरण तथा प्राविधिक सहयोग गरिएको उहाँले बताउनुभयो । "सम्भवतः जिल्लामै पहिलो पटक तर्बुजाखेती सुरु गरिएको छ" उहाँले भन्नुभयो, "पहिलो चरणमा यहाँका किसानले परीक्षणका रुपमा लगाएका छन् । यो राम्रो हुनासाथ ठूलो परिमाणमा व्यावसायिक उत्पादनमा जोड दिन्छौँ ।" यहाँ उत्पादित तर्बुजा किसान आफैँले बिक्री गर्नसक्ने र यदि नसकेमा नगरपालिकाले जिम्मा लिने उहाँले बताउनुभयो । भीरकोट नगरपालिका-१ को आँधीखोला नदी किनारको भीरकोट खेलमैदान परिसर, वडा नं ४, वडा नं ५ को पकान, वडा नं ६ को एकुवार फाँटको २० रोपनी क्षेत्रफलमा पहिलो पटक तर्बुजाखेती सुरु गरिएको हो । यसपटक १८ किसानले तर्बुजा रोपेका छन् । यहाँ रोपिएको तर्बुजा आगामी जेठ मसान्तसम्ममा उत्पादन लिन सकिने परियोजनाका कृषि प्राविधिक अनिश अर्यालले जानकारी दिनुभयो । जिल्लामै पहिलो, नयाँ र नमूनाखेती भएकाले यहाँका किसान यसखेती प्रविधि बुझेर व्यावसायिक उत्पादनमा लाग्न सक्ने उहाँले बताउनुभयो ।

लक्ष्मी र सरस्वती दुई जातका तर्बुजा नमुना परियोजनाका रुपमा रोपिएका छन् । नगरपालिकाले तर्बुजाका साथै सिम्ला मिर्च, अकबरे खुर्सानीसहित बेमौसमी तरकारी उत्पादनमा जोड दिएको छ ।


# तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१० गते /दोस्रो पटक प्रकाशित मितिः २०८२/१०/०७ गते**
**(तेस्रो पटक प्रकाशित मिति २०८२/११/१५ गते)**

यस बिरुवा बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दै-दस्तुर समयभित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र मौखिक, लिखित, एस.एम.एस, टेलिफोन मार्फत पटक-पटक कर्जा भुक्तानी गर्न तर-ताकेता गरिएको भएतापनि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः सामाजिक प्रतिष्ठा र प्रचलित ऐन कानुनको ख्याल गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहुन अनुरोध गरिन्छ । यो सूचनाको वेवास्था गरेमा सहकारी ऐन, सहकारी नियमावली तथा प्रचलित कानुन बमोजिम धितो लिलामी प्रकृया अगाडि बढाइने र धितो नपुग हुने देखिएमा थप धितो तथा हक लाग्ने अन्य जाय जेथाको खोजी गरि रोक्का राखि कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधिकरणमा विवरण पठाई कानुन बमोजिम कारबाही अगाडि बढाउन संस्था तथा संचालक समिति बाध्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिल :**

| क्र.सं. | ऋणी तथा धनजमानतको नाम थर | ऋणीको फोटो | धन जमानी दिनेको बिवरण | धन जमानीको फोटो |
|---|---|---|---|---|
| १ | **ऋणीको नाम : प्रेम बहादुर गुरुङ**<br>नागरिक्ता नं. : ७९३४७ कास्की<br>बाबु : पतिको नाम : जस बहादुर<br>बाजे : ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की<br>कर्जा नं. : एच.एल. १६६ |  | **धन जमानी दिनेको नाम : निशा गुरुङ**<br>नागरिकता न : ५८६/०६२ कास्की<br>बाबु /पतिको नाम : प्रेम बहादुर गुरुङ<br>बाजे / ससुराको नाम : जस बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |  |
| २ | **ऋणीको नाम : मनोजराज आचार्य**<br>नागरिकता नं. : १२७७५६<br>बाबु/पतिको नाम : लिलाराज<br>बाजे/ससुराको नाम : बेणिमाधव<br>स्थायी ठेगाना : भरतपोखरी -९, कास्की<br>हालको ठेगाना : पोखरा -३३, कास्की<br>कर्जा नं. : बि.एल ०१३८ |  | **धन जमानी दिनेको नाम : अप्सरा पौडेल**<br>नागरिकता न :४६३००४/२४८<br>बाबु/पतिको नाम : मनोजराज आचार्य<br>बाजे/ससुराको नाम : लिलाराज<br>स्थायी ठेगाना : निर्मलपोखरी -८, कास्की<br>हालको ठेगाना : पोखरा -३३, कास्की |  |
| ३. | **ऋणीको नाम : पार्वती गुरुङ**<br>नागरिक्ता नं. :१८१ कास्की<br>बाबु /पतिको नाम : जस बहादुर<br>बाजे /ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की<br>कर्जा नं. : बि.एल. ११८ |  | **धन जमानी दिनेको नाम : बिकास गुरुङ**<br>नागरिकता न :७८५, कास्की<br>बाबु /पतिको नाम : जित बहादुर गुरुङ<br>बाजे /ससुराको नाम : छामु गुरुङ<br>स्थायी ठेगाना : पोखरा १७, कास्की<br>हालको ठेगाना : पोखरा १७, कास्की |  |
| | | | **धन जमानी दिनेको नाम : प्रेम बहादुर गुरुङ**<br>नागरिक्ता नं. :७९३४७ कास्की<br>बाबु /पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |  |
| ४. | **ऋणीको नाम : केदार गुरुङ**<br>नागरिकता नं. : १५८७७० कास्की<br>बाबु/पतिको नाम : बुद्धिराज गुरुङ<br>बाजे/ससुराको नाम : लाल बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना :पोखरा २१, कास्की |  | **धन जमानी दिनेको नाम : संगिता गुरुङ**<br>नागरिकता नं. :४६-०१-७०-०९९८८ कास्की<br>बाबु/पतिको नाम : केदार गुरुङ<br>बाजे/ससुराको नाम : बुद्धिराज गुरुङ<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |  |
| | | | **धन जमानी दिनेको नामः प्रेम बहादुर गुरुङ**<br>नागरिकता नं. :७९३४७ कास्की<br>बाबु/पतिको नाम : जस बहादुर<br>बाजे/ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की<br>कर्जा नं. : एच.एल. १६६ |  |
| | | | **धन जमानी दिनेको नाम : राम बहादुर गुरुङ**<br>नागरिकता नं. :५४८५ कास्की<br>बाबु/पतिको नाम : हिरामानी गुरुङ<br>बाजे/ससुराको नाम : खड्क बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |  |
| | **ऋणीको नाम : लेख बहादुर गुरुङ**<br>नागरिकता नं. : ७९३४८ कास्की<br>बाबु / पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की<br>कर्जा नं. : बि.एल. ११९ |  | **धन जमानी दिनेको नाम : प्रेम बहादुर गुरुङ**<br>नागरिकता नं. : ७९३४७ कास्की<br>बाबु/ पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की<br>कर्जा नं. : एच.एल. १६६ |  |

## बिरुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**पोखरा-१७ कास्की, फोनः ०६१-४५६५७७, ४५६९८२**

नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै प्रक्रिया अनुरुप विभिन्न निकायलाई जानकारी पठाई कानुनी प्रक्रिया अगाडि बढाई असुल उपर गराईने छ ।